बर्दिबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दिबास,महोत्तरी

मधेश प्रदेश,नेपाल

## विज्ञापन कर संकलनको लागि बोलपत्र (E-Bidding )आव्हान

(प्रथम पटक वोलपत्र प्रकाशित मिति:२०७९।०४।२०)

आ.व २०७९/०८० देखि आ.ब.२०८१/०८२ तीन (३) वर्ष (२०८२ आषाढ मसान्त) सम्मका लागी तपशिलमा उल्लेखित विज्ञापन कर संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुबाट बोलपत्र (E-bidding )आव्हान गरिएको छ ।

<u>देहाय</u>

| क्र. सं. | बोलपत्र नं. | ठेक्का /बोलपत्रको नाम | ठेक्का अवधि | कबोल अंक ( मु.अ.कर बाहेक) | धरौटी रकम( कबोल अंकको) | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | 06/NCB/BM/IR/ /079/080 | विज्ञापन कर संकलन ठेक्का | २०८२ आषाढ मसान्त सम्म | १८,७५,१२५।- (अठारह लाख पचहत्तर हजार एक सय पचीस मात्र) | ५ प्रतिशत | ३०००।- |

नोट :ठेक्का सम्बन्धी पालना गर्नु पर्ने शर्तहरु यस कार्यालयको वेभसाईट www.bardibasmun.gov.np मा राखिएको छ ।

०८२/४/१३

धर्मानन्द जोशी

प्रमुख प्रशासकीय अधिकृत

बर्दिबास नगर
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
मधेश प्रदेश, नेपाल

## बिज्ञापन कर संकलनका लागी बोलपत्र आव्हान सम्बन्धि शर्तहरु

१. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४को दफा(३)को उपदफा(३) र स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा (११)को उपदफा (२)को (घ) बमोजिम फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृदि कर दर्ता प्रमाणपत्र, आ.व.२०७८।०७९को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फारम दस्तुर कृषि विकास बैंक लि.शाखा कार्यालय बर्दिबासमा रहेको यस कार्यालयको **आन्तरिक राजश्व खाता नं. १००६३०११४९१२८१०५** मा नगद जम्मा गरेको बैंक भौचर र धरौटी वापतको रकम कृ.वि.बैंक लि.बर्दिबास शाखामा रहेको **धरौटी खाता नं. १००६३०११४९१२८०६७** मा जम्मा गरेको बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको १२० दिनसम्म म्याद रहेको बैंक जमानत पत्र(Unconditional Bid Bond) साथ E-bidding द्धारा यो सूचना प्रथम पटक प्रकाशीत भएको मितिले ३० औं दिन भित्र विद्युतीय माध्यमबाट बोलपत्र खरीद तथा दर्ता गर्न सकिने छ ।बोलपत्र सम्बन्धि कागजातहरु सार्वजनिक खरीद अनुगमन कार्यालयको www. bolpatra.gov.np बाट पनि डाउनलोड तथा अपलोड गर्न सकिनेछ ।

२. तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको कृ.वि.बैंक बर्दिबासमा रहेको आन्तरिक **राजश्व खाता नं. १००६३०११४९१२८१०५** मा जम्मा गरेको बैंक भौचर संलग्न गर्नु पर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सो को भोलि पल्ट वा कार्यालय खुल्ने दिनसम्म बोलपत्र पेश गर्न सकिनेछ ।

३. बोलपत्र संम्बन्धि फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पस्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

४. कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको कृ.वि.बैंक लि. बर्दिबास शाखामा रहेको **धरौटी खाता नं. १००६३०११४९१२८०६७** मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नु पर्नेछ ।

५. बोलपत्रदाताले खरीद गरिएको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण,बोलपत्र विवरण प्रोपराइटरको नाम,ठेगाना, फोन नं. मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सबै कागजातको स्क्यान गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजे भित्र विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

६. एक व्यक्ति,फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को व्यक्ति,फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

७. रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

बर्दिवास नगर
नगर कार्यपालिकाको
बर्दिवास, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३

८. प्रि- बिड बैठक सूचना प्रकाशन भएको मितिले १६औ दिनको १२ बजे यस कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी लिन सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

९. बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धि फारममा उल्लेखित गरिने हुँदा सोही पुस्तिकाबाट अवगत गर्न सकिनेछ ।

१०. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार हुने छैन ।

११. बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ

१२. बोलपत्र स्वीकृत भएको सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र **आ.ब.२०७९।०८०को लागी सांकार गरेको कबोल अंक प्रथम किस्ता रकम** कायम भएको मानी सम्झौता गर्नु पूर्व यस कार्यालयको खातामा अग्रिम जम्मा गर्नु पर्नेछ । बाँकी दुई आ.ब.को हकमा **आ.ब.२०८०।०८१को हकमा पहिलो किस्ता वापतको रकममा १० प्रतिशतले बद्धि गरी रकम समेत थप गरी** दोश्रो किस्ता कायम हुने र **आ.ब.२०८१।०८१को हकमा दोश्रो किस्ता वापतको रकममा १० प्रतिशतले बद्धि गरी रकम समेत थप गरी** तेश्रो किस्ता कायम हुने छ । पछिल्लो दुई आर्थिक बर्षको किस्ता रकम बरावरको नगदै रकम जम्मा गरेको भौचर वा **२०८२साल श्रावण मसान्तसम्म** म्याद भएका मान्यता प्राप्त बैंकले जारी गरेको कार्य सम्पादन जमानत (परफरमेन्स बन्ड ) समेत पेश गर्नु पर्नेछ । तत पश्चात कार्यालयबाट कार्यदेश प्राप्त हुनेछ ।

१३. बोलपत्र कबुल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक,सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत मू.अ.कर, आयकर तथा अन्य कर रकम सम्बन्धित कार्यालयमा छुट्टाछुट्टै रुपमा दाखिला गरेको प्रमाण कार्यालयमा बुझाउनु पर्नेछ ।

१४. तोकिएको म्यादभित्र कार्यादेश लिन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरीनेछ ।

१५. विज्ञापन कर सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४(पहिलो संशोधन समेत २०७९),अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४,संघीय तथा प्रदेश कानून र नगरपालिकाबाट जारी भएका आर्थिक ऐन २०७९,कानुन,तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१६. अन्य कार्यविधि ,मापदण्ड ,सार्वजनिक खरीद ऐन २०६३,सार्वजनिक खरीद नियमावली २०६४( बाह्रौ संशोधन सहित २०७९) तथा नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१७. ठेक्काको सूचनाको विस्तृत विवरण कार्यालयको वेभसाईट www.bardibasmun.gov.np अपलोड गरिएको तथा सूचना पाटीमा समेत टाँस गरिएको छ । विस्तृत जानकारीको लागी कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

०८।४।७९
धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत